सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम(पूर्व)
५नं. प्रदेश, नेपाल

प.सं. : २०७७।०७८ (प्र।शा)
सुचना नं. ६१

मिति: २०७७।०६।०६

**विषय: अत्याआवश्यक वाहेकका सेवा प्रवाह वन्द गरिएको सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु/स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई/सेवा केन्द्र सबै (सिस्ने गाउँपालिका अन्तर्गतका)
श्री निजि तथा सामुदायिक विद्यालयहरु सबै (सिस्ने गाउँपालिका अन्तरगतका) ।

प्रस्तुत विषयमा मिति २०७७।०५।३० गते संकलन गरिएको स्वाबको मिति २०७७।०६।०५ गते प्राप्त PCR Report अनुसार कोभिड १९ (कोरोना) को संक्रमणका कारण यस गाउँपालिका भित्रका कर्मचारी, जनप्रतिनिधि तथा सर्वसाधारण गरि २५ जनामा कोरोना संक्रमण देखिसकेको हुनाले मिति २०७७।०६।०६ गते बैठक वसि जनस्वास्थ्यलाई ख्याल राख्दै संक्रमणको दर थप फैलिन नदिन तपशिल बमोजिमका निर्णयहरु गरियो ।

**<u>तपशिल</u>**

१)सिस्ने गाउँपालिका अन्तरगत वडा नं ३,५,६ का साथै गाउँ कार्यपालिकाको कार्यालय अर्को सूचना नभएसम्मको लागि सिल गर्ने र अत्यावश्यक वाहेकका सबै सेवा प्रवाह बन्द गर्ने ।
२)सिल भएको समयावधिमा पूर्व निर्धारित अत्यावश्यक बाहेकका सबै काम कारबाही स्थगन गर्ने ।
३)अत्यावश्यक सेवा प्रदान गर्ने र कार्यालयको आन्तरिक एवं जरुरी कार्यका लागि शाखाका प्रमुख वा प्रतिनिधि अनुकुलताका आधारमा कार्यालयमा उपस्थित हुने ।
४) मिति २०७७।०५।२८ मा बसेको सिस्ने गाउँ कार्यपालिकाको वैठकवाट शैक्षीक संस्था खुलाउने भनि भएको निर्णय हाललाई अर्को सूचना नभएसम्म कार्यन्वयन नगर्ने र असोज ११ गते वितरण गर्ने भनिएको अपाङ्ग परिचयपत्र वितरण कार्य समेत नगर्ने ।
यस बाट सेवा ग्राहिमा पर्न जाने असुविधाप्रति सिस्ने गाउँपालिका परिवार क्षमा प्रार्थि छ।
साथै सबै व्यक्तिलाई आ-आफ्नो निवासमा उच्च सतर्कताका साथ बस्नुहुन हार्दिक अपिल गरिन्छ ।
अत्यावश्यक सेवाहरु:
१) स्वास्थ्य सेवा र सो संग सम्बन्धित सेवा,
२) परामर्स सेवा र राहत वितरण,
३) फोन, ईमेल, इन्टरनेट वा भर्चुअल माध्यामबाट प्रदान गरिने कुनै पनि सेवाहरु ।

चिन्तामणि दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चिन्तामणि दाहाल
निमित्त प्रमुख प्रशासकिय अधिकृत